सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ४० ♦ २०८३ साल मंसीर ९ बुधवार ♦ 25 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

अयोध्याबाट जनकपुरधाम आएको रेलको भव्य स्वागत





खबर दर्पण समाचारदाता

मंसीर ८ गते, बर्दिवास

मर्यादा पुरुषोत्तम भगवान रामको जन्मभूमि अयोध्याबाट मंगलबार बिहान जगतजननी सीताको माइती जनकपुरधाम आएका भारतीय रेल र रेलमा सवार यात्रीलाई जनकपुरधाममा भव्य स्वागत गरिएको छ ।

नेपाल सरकारका युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जनकपुरधाम उपमहानगर पालिकाका नगर प्रमुख मनोजकुमार साह, जानकी मन्दिरको महन्थका उत्तराधिकारी रोशन दास, नेपाल रेल्वेका प्रबन्ध सञ्चालक परिवेश पराजुलीसहित स्वागतका लागि उपस्थित विशिष्ट अतिथिहरुले रेलमा सवार भारतीय अतिथि तथा यात्रीलाई फूलको माला लगाएर स्वागत गर्नुभयो ।

भारतीय रेलमा समस्तीपुरका एडिसनल डिभिजनल रेल्वे मैनेजर शनी सिन्हा, सिनियर डिभिजन कर्मसियल मैनेजर अमितेश कुमार सहितका रेल्वेका अधिकृत र कर्मचारीका साथै अयोध्याका स्थानीयहरु सवार भइ जनकपुरधाम आउनुभएको छ ।

नेपाल रेलवेले अतिथिहरुको स्वागत सम्मानका लागि जनकपुरधामको रेलवे स्टेशन परिसमा स्वागत समारोहको आयोजन गरी भव्य स्वागत सम्मान गरेको हो । उक्त अवसर मा अतिथिको स्वागतमा जनकपुरधामका बटुकहरूले स्वस्तिवाचन गर्नुको साथै मिथिला नाटय कला परिषदका कलाकार हरुले विभिन्न किसिमका माँगलिक गीत र नृत्य प्रस्तुत गरेका थिए ।

दुईवटा इन्जिनसहित १७ वटा बोगीमा सबार भइ आज बिहान ९:४० बजे जनकपुरधाम आएका भारतीय रेलसहितका अतिथि र यात्रीहरुले जनकपुर धामको जानकी मन्दिरमा दर्शन पूजा गरेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले जानकारी दिनुभयो ।

घुमघामको क्रममा उनीहरुले जनकपुरधामको राम मन्दिर, गंगासागर, स्वर्गद्वारी सहितका धार्मिक स्थलहरुको अवलोकन गर्नुभएको थियो । जनकपुर धामको घुमघाम पश्चात पुनः सोही रेलमा सवार भइ अतिथिहरु अयोध्याका लागि प्रस्थान गर्नुभयो ।

नेपालका प्रधानमन्त्री वालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार नयाँ दिल्लीस्थित हैदराबाद हाउसबाट संयुक्त रूपमा हरियो झन्डा देखाएर सप्ताहमा एक दिन चल्ने सो रेलको उद्घाटन गर्नुभएको थियो ।

सरयू कमला एक्सप्रेस नाम रहेको सो रेललाई मङ्सिर १३ गते शनिबारदेखि सातामा एक दिन व्यावसायिक रूपमा सञ्चालन गर्ने तयारी थालिएको नेपाल रेल्वेका प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिनुभयो ।

अयोध्या-जनकपुर रेल सञ्चालनले धार्मिक र सांस्कृतिक पर्यटनमा बढोत्तरी हुन्छ : श्रममन्त्री यादव

नेपाल सरकारका युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले अयोध्या-जनकपुर रेल सञ्चालनले धार्मिक र सांस्कृतिक पर्यटनमा बढोत्तरी हुने बताउनुभएको छ ।

नेपाल रेल्वेद्वारा अयोध्याधामबाट मङ्गलबार जनकपुरधाम आएको रेल र रेलमा सवार यात्रीको स्वागतमा आयोजना गरिएको स्वागत समारोहलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले दुई देशबिच भएको रेल सञ्चालनले अयोध्या र जनकपुरधामबिचको यात्रा सहज हुनुका साथै दुई देशबिचको सम्बन्धलाई प्रगाढ बनाउने बताउनुभयो । उहाँले भारतबाट यहाँ आउने पर्यटकले जानकी मन्दिरमा दर्शन मात्रै नगरी



बाँकी पृष्ठ ३ मा

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

मिथिला नगरपालिका, धनुषा

अध्यादेशमार्फत शासन चलाउने प्रवृत्ति देखिएको भन्दै गगन कुमार थापाले जनाए आपत्ति



खबर दर्पण समाचारदाता

मंसीर ८ गते, बर्दिवास

नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले अध्यादेशमार्फत शासन चलाउने प्रवृत्ति देखिएको भन्दै आपत्ति जनाउनुभएको छ ।

मंगलबार पार्टी कार्यालय सानेपामा बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले वर्तमान सरकारले अध्यादेशमार्फत शासन गर्ने प्रवृत्ति देखाएको भन्दै त्यसको विरोधमा कांग्रेस चुप लागेर नबस्ने चेतावनी समेत दिनुभयो । उहाले आफ्नो अनुकुल अध्यादेश ल्याउने र काम पुरा भएपछि प्रतिष्थापन विधेयक नल्याइ अध्यादेश निष्कृय बनाउने प्रवृत्ति स्थापित गर्न खोजिएको धारणा राख्नुभयो ।

सभापति थापाले निर्वाचनबाट प्राप्त म्यान्डेटको सम्मान गर्दै पाँच वर्ष सरकार सञ्चालन गर्ने जिम्मेवारी रास्वपाको रहकाले सहकार्य र खबरदारीको नीति पार्टीले लिएको उल्लेख गर्नुभयो । उहाले कानुनबमोजिम हुने कुनै पनि छानबिन वा अनुसन्धानलाई अवरोध नगरिने तर राजनीतिक प्रतिद्वन्द्वीलाई निस्तेज पार्न वा दबाब दिन राज्यका संयन्त्र दुरुपयोग गरिएमा त्यसको कडा प्रतिवाद गर्ने स्पष्ट पार्नुभयो । पार्टीको आन्तरिक बिषयमा सभापति थापाले अहिले पनि असन्तुष्ट नेताहरुलाई पार्टीको ढोका खुल्लै रहेको बताउनुभयो । तर पार्टीको विधानअनुसार अन्य दलमा संलग्न हुने व्यक्तिको सदस्यता स्वतः कायम नरहने उहाले बताउनुभयो । सभापति थापाले पार्टी बाट बिजयी भएका जनप्रतिनिधिहरुले विधान बिपरि तको कार्य गरे पदबाट हटाउने चेतावनी समेत दिनुभयो ।

उहाले निवर्तमान सभापति शेर बहादुर देउवाको योगदानको कदर गर्दै पार्टीभित्र नेतृत्व, पदाधिकारी र कार्यकर्ताको मर्यादा कायम राख्नुपर्ने तथा दलहरूबीच स्वस्थ राजनीतिक संवाद आवश्यक रहेको बताउनुभयो । साथै सभापति थापाले देशभरका ७५३ वटै पालिकामा १५ दिने अभियान सञ्चालन गरी स्थानीय आवश्यकताअनुसार सामाजिक परियोजनाहरू अघि बढाइने जानकारी दिनुभयो ।

थारु संस्कृति तथा पर्यटन केन्द्र निर्माण



खबर दर्पण समाचारदाता

मंसीर ८ गते, बर्दिवास

थारु समुदायको मौलिक भाषा, कला, संस्कृति, परम्परा तथा पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले महोत्तरीको भंगहा नगरपालिका-७ मा दाताको सहयोगमा थारु संस्कृति तथा पर्यटन केन्द्रको भवन निर्माण गरिएको छ ।

भंगहामा मंगलबार बाबा तपसी तरसरी कुट्टीको छेउमा निर्माण गरिएको उक्त भवनको एक समारोहबीच उद्घाटन तथा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

केन्द्रका परिकल्पनाकार एवं संरक्षक इन्जिनियर सुदिप कुमार चौधरी र डा। निता चौधरीले संयुक्त रूपमा नवनिर्मित भवनको उद्घाटन गरेका छन् । थारु समुदायको मौलिक पहिचान, भाषा, कला, संस्कृति र परम्परालाई संरक्षण गर्दै भावी पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले भवन निर्माण गरिएको केन्द्रका अध्यक्ष रामनारायण चौधरीले जानकारी दिए ।

थारु समुदायको सांस्कृतिक सम्पदा संरक्षणमा व्यक्तिगत तवरबाट महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका संरक्षकद्वय इ। सुदिप कुमार चौधरी र डा। निता चौधरीले भवन निर्माणका लागि ५० लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । आफ्नै समुदायको भाषा, कला, संस्कृति, परम्परा र पहिचानको संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले उनीहरूले व्यक्तिगत रूपमा उक्त रकम उपलब्ध गराएको अध्यक्ष चौधरीले बताए ।

भवन निर्माणसँगै केन्द्रलाई थारु समुदायको मौलिक सांस्कृतिक गतिविधि, भाषा, कला, परम्परा तथा सामाजिक रीतिरिवाजको संरक्षण र प्रवर्द्धन गर्ने साझा थलोका रूपमा विकास गर्ने अपेक्षा गरिएको छ। यसले थारु समुदायको सांस्कृतिक पहिचानलाई उजागर गर्नुका साथै नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्न सहयोग पुग्ने विश्वास लिइएको छ।

भवन उद्घाटनको अवसरमा मंगलबारदेखि केन्द्र परिसरमा दुईदिने विभिन्न सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको छ । कार्यक्रम अन्तर्गत बुधबार उक्त क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायले मनाउँदै आएको सामाचकेवा पर्वको विशेष प्रदर्शन गरिने अध्यक्ष चौधरीले जानकारी दिए ।

थारु समुदायको मौलिक सांस्कृतिक सम्पदाको संरक्षणसँगै स्थानीय कला, परम्परा र सांस्कृतिक विविधताको प्रवर्द्धनमा समेत केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थानीयवासीहरु बताउँछन् ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

कमला नगरपालिका, धनुषा

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

अयोध्या-जनकपुर रेल....

मिथिलाको संस्कृति हेर्ने, चित्रकला र हस्तकलालाई चिन्ने, यहाँका स्वादिष्ट खानाको स्वाद लिने र स्थानीय उत्पादन किन्दा यहाँका होटल, रेष्टुरेन्ट र साना-साना व्यापार फस्टाउने बताउनुभयो। जसले गर्दा यहाँका युवाहरु सिप, पर्यटन अतिथि सत्कार र उद्यमशीलताको माध्यमले यस अवसरको लाभ लिने बताउनुभयो ।

उहाँले यस रेल सेवाले रेल गाडी चल्ने कुरा मात्रै नभइ पुरानो सम्बन्धको आधुनिक पूर्वाधार यातायात सुविधा र आर्थिक विकाससँग जोड्ने महत्वपूर्ण प्रयास भएको बताउनुभयो । उहाँले युवा श्रम तथा रोजगार मन्त्रीको रुपमा आफूले जनकपुर धाम अन्तर्राष्ट्रिय पर्यटनको साथसाथै सिप, रोजगार र उद्यमशीलताको एउटा महत्वपूर्ण केन्द्र बनोस भने चाहेको बताउँदै यसका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो । कार्यक्रमको अध्यक्षता गर्नुभएका मधेस प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले अयोध्या जनकपुर बिचमा रेल्वे सञ्चालनका साथसाथै हवाइसेवाको समेत सञ्चालन हुनुपर्ने र यस विषयमा दुवै देशका प्रधानमन्त्रीले ध्यान दिनुपर्ने आग्रह गर्नुभयो ।

उहाँले रेलले जनकपुरधाम आउने तिर्थ यात्रुलाई अव सहज हुने भएपनि सिमा क्षेत्रबाट जनकपुरधाम आउने पर्यटकलाई नेपाल भारतको सिमामा अहिले पनि विभिन्न समस्या हुने गरेको भन्दै नेपाल आउने पर्यटकका लागि २४ घण्टे भन्सार छुटको व्यवस्था हुनु पर्नेमा जोड दिनुभयो। उहाँले भारतीय नम्बर प्लेटको गाडीबाट जनकपुरधाम आउने पर्यटकलाई सिमा क्षेत्रमा विभिन्न खालका समस्या हुनुको साथै बिहेबारी गर्नमा समेत दुवै देशका नागरिकलाई विभिन्न खालका समस्या हुने गरेकोले नेपाल र भारत प्रवेशका लागि सहज वातावरण निर्माण गरि दिन दुवै देशका सरकारसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपालस्थित भारतीय दूतावासका डिसिएम राकेश पाण्डेले अयोध्या जनकपुर रेल सञ्चालनले दुई देशबिचको सम्बन्धलाई थप प्रगाढ बनाएको भन्दै यसले यस क्षेत्रमा प्रर्यटन प्रवर्धन भएको बताउनुभयो । नेपाल रेल्वेका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले नेपालको रेलको इतिहासबारे चर्चा गर्दै सरयू कमला एक्सप्रेस केबल फलामको लिकमा गुड्ने रेल मात्र नभइ यो दुई देशका जनताको मन जोड्ने सांस्कृतिक सेतु र रामायण सर्किटको एउटा महत्वपूर्ण कडी रहेको बताउनुभयो । कार्यक्रममा भौतिक पूर्वाधार मन्त्रीका सल्लाहकार आर.पि. महतो, जनकपुरधाम उपमहानगर पालिकाका नगरप्रमुख मनोज साहसहितकाले धारणा राख्नुभएको थियो ।

अयोध्या-जनकपुरधाम रेलसँगै हवाई सेवा सञ्चालन गर्न मुख्यमन्त्री यादवको आग्रह

खबर दर्पण समाचारदाता
मंसीर ८ गते, बर्दिवास



मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अयोध्या र जनकपुरधामबिच रेलसँगै हवाई सेवा पनि सञ्चालन गर्न प्रधानमन्त्री बालेन्द्र साहलाई आग्रह गरेका छन् ।

अयोध्या-जनकपुरधाम साप्ताहिक रेल सेवा शुभारम्भ कार्यक्रममा मंगलबार बोल्दै मुख्यमन्त्री यादवले यस्तो आग्रह गरेका हुन् ।

अयोध्यादेखि जनकपुरधामसम्म रेल सेवा सञ्चालन हुनु केही वर्षअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको भ्रमणको परिणाम भएको भन्दै उनले दुवै जनालाई धन्यवाद पनि दिए । उनले सीमावर्ती भारतीय नागरिकलाई २४ घण्टासम्म भन्सार छुटको व्यवस्था गर्न माग गरे । भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग गरी ठुलो सङ्ख्यामा भारतीय नागरिक जनकपुरधाम आउने भएकाले उनीहरूलाई २४ घण्टासम्म भन्सार छुट दिनुपर्ने उनको भनाइ छ । अयोध्यादेखि जनकपुरधामसम्म रेल सेवा सुरु हुनु केही वर्षअघिको भ्रमणकै उपज भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले भने, 'भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथप्रति धन्यवाद व्यक्त गर्छु, तर रेलसँगै अयोध्यादेखि जनकपुरधामसम्म हवाई सेवा पनि सञ्चालन गर्नुपर्छ।'

सीमाक्षेत्रका भारतीय नागरिकलाई २४ घण्टा भन्सार छुट दिनुपर्ने माग आफूले धेरै पहिलेदेखि राख्दै आएको पनि उनले बताए । रेल सेवाले अयोध्या र जनकपुरबिचको सम्बन्धलाई अनन्तकालसम्म एक सूत्रमा बाँध्ने उनको विश्वास छ ।

यसैगरी, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले अयोध्या-जनकपुरधाम रेल कनेक्टिभिटीले नेपाल र भारतबिचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ बनाउने विश्वास व्यक्त गरे । नेपाल र भारतका प्रधानमन्त्रीद्वारा संयुक्त रूपमा उद्घाटन गरिएको रेल सेवाले अयोध्या र जनकपुरधामलाई जोड्दै धार्मिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ छ ।

रेल सेवाले दुवै धार्मिक नगरीको पर्यटन व्यवसायलाई उकास्नुका साथै जनकपुरधाम र अयोध्याका नागरिकको आर्थिक समृद्धिमा समेत टेवा पुऱ्याउने महन्त वैष्णवले बताए । रेल कनेक्टिभिटीले दुवै सहरलाई जोडेकोमा खुसी व्यक्त गर्दै उनले भने, 'यसले हामीलाई अनन्तकालसम्म एक सूत्रमा बाँधेर यो धार्मिक र सांस्कृतिक नगरीको पर्यटन व्यवसायलाई उकास्ने विश्वास लिएका छौं ।' उनले जनकपुरधामवासी मात्र नभई अयोध्यावासीले समेत यसबाट समृद्धि पाउने उल्लेख गर्दै भगवान् रामको दर्शनपछि माता सीताको नगरी जनकपुर धाम पुगेर धार्मिक यात्रा पूर्ण गर्ने श्रद्धालुहरूको अभिलासा रेल सेवाले सहज बनाएको बताए ।

महोत्तरीमा २५ प्रतिशत विद्युत् .....

केन्द्रले जनाएको छ । लाइन काटिएका ग्राहकबाट तीन करोड ४३ लाख ४५ हजार ७२५ रुपियाँ असुल गर्नुपर्नेमा हालसम्म दुई करोड ७६ लाख २७ हजार ८६० रुपियाँ उठेको प्रमुख सिंहले बताउनुभयो ।

अप्राविधिक चुहावट नियन्त्रणका लागि मिटर निरीक्षण, अनधिकृत रूपमा हुकिङ गरी विद्युत् प्रयोग गर्नेको पहिचान तथा कार बाहीलाई तीव्रता दिइएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षमा विद्युत् चुहावटमा संलग्न १७१ जनालाई कारबाही गरी १५ लाख रुपियाँभन्दा बढी जरिवाना असुल गरिएको छ ।

प्रमुख सिंहका अनुसार माछा व्यवसाय, डिजे व्यवसाय, राइस मिल र इँटा उद्योगमा बढी विद्युत् चुहावट हुने गरेको पाइएको छ । घरायसी प्रयोजनमा समेत हुकिङ गरी विद्युत् प्रयोग गर्ने गरेको अनुगमनका क्रममा भेटिएको उहाँले बताउनुभयो । विद्युत् चुहावट गैरकानुनी हुनुका साथै यसबाट दुर्घटना, आगलागी र मानवीय क्षतिसमेत हुन सक्ने भएकाले त्यस्ता गतिविधि नगर्न उहाँले ग्राहकलाई आग्रह गर्नुभयो । विद्युत् आपूर्ति भइरहेको लाइनमा मिटर छेडछाड गर्ने, मुख्य लाइनमा हुकिङ गर्ने तथा मिटर बिगार्ने कार्यले जोखिम निम्त्याउने उहाँको भनाइ छ ।

यसैगरी, विद्युत् महसुल अनलाइनबाट भुक्तानी गर्न पनि उहाँले ग्राहकलाई आग्रह गर्नुभयो । काउन्टरमा भुक्तानी गर्दा दुई प्रतिशत र अनलाइनबाट भुक्तानी गर्दा साढे दुई प्रतिशतसम्म छुटको व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो ।

जलेश्वर वितरण केन्द्रअन्तर्गतका ग्राहकले गर्ने कुल भुक्तानीमध्ये ४६ प्रतिशत मात्रै अनलाइनमार्फत हुने गरेको उहाँले बताउनुभयो ।

मोटर साइकल हरायो

मिति २०८३/०६/३०गते बा. प्र.०४५ ८८१६ नम्बर को सिल्भर मेटालिक म्याट रङको KTM Duke २०० CC मोटरसाइकल जनकपुरधाम उपमहानगरपालिका ०७ धनुषाबाट हराएको हुदाँ देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा मोबाइल नं ९८१८०११२४८ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

नाम :- हुलास फिनसर्भ हायर पर्चेज लि.
ऋणी :-ज्ञान बहादुर ब्लोन
ठेगाना:- कलंकी १४ , काठमाडौं।
इन्जिन नं:- P-936-X48591X
च्यासिस नं :- MD29PCXEXPNO19455

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८३।०८।०९

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०८।०२ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी महेन्द्र निर्माण सेवा प्रा. लि. (प्रा.लि.न. ३५१७७३) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिर्वतित नामको अजिमा निर्माण कम्पनी प्रा.ली. अंग्रेजीमा Ajima Nirman Company Pvt.Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०८०।०६।२३ मा दर्ता भएको प्रा.लि.नं.३२१४९६ भएको कैलाश सर्जिकल (प्रा.ली.) को २०८३।०८।०८ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ ,९१० बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमाण्डौ
सम्पर्क नम्वरः९८४३२४५९८

ट्याक्टरबाट लडेर १४ वर्षीय बालकको मृत्यु

खबर दर्पण समाचारदाता

मंसीर ८ गते, बर्दिवास

धनुषामा ट्याक्टरबाट लडेर एक बालकको मृत्यु भएको छ । धनुषाको कमला नगर पालिका-२, सराबेस्थित हुलाकी सडकखण्डमा मङ्गलबार दिउँसो ट्याक्टरबाट लडेर हँसपुर नगर पालिका-९, रुदौलीका १४ वर्षीय जिसान्त कुमार मण्डलको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता ओमप्रकाश खनालले मधेश प्रदेश ०२-००१ त ३१९९ नम्बर को ट्याक्टर पछाडि गर्ने क्रममा त्यसमा सवार मण्डल सडकमा खसेको बताउनुभयो। सोही क्रममा पछाडिको चक्काले टाउकोमा लाग्दा महतो गम्भीर घाइते भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार घटनालगत्तै प्रहरी टोलीले मण्डललाई उपचार का लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएको थियो । अस्पतालमा चिकित्सकले मण्डललाई मृत घोषणा गरेको हो ।

प्रवक्ता खनालले मृतकको शव प्रादेशिक अस्पतालको शवगृहमा राखिएको बताउँदै प्रहरीले ट्याक्टर र चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जानकारी दिनुभयो ।

महोत्तरीमा २५ प्रतिशत विद्युत् चुहावट

खबर दर्पण समाचारदाता

मंसीर ८ गते, बर्दिवास



महोत्तरीको जलेश्वर वितरण केन्द्रअन्तर्गतका क्षेत्रमा २५ प्रतिशत विद्युत् चुहावट हुने गरेको पाइएको छ । विद्युत् चुहावट नियन्त्रणका लागि प्राविधिक सुधार तथा अनुगमनलाई तीव्रता दिइएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

जलेश्वर वितरण केन्द्रका प्रमुख रोशनकुमार सिंहका अनुसार केन्द्रले खरिद गर्ने कुल विद्युत् मध्ये २५ प्रतिशत चुहावट हुने गरेको छ। महोत्तरीका १० नगर पालिका र पाँच गाउँपालिकामध्ये गौशाला, बर्दिवास नगरपालिका र सोनमा गाउँपालिकाबाहेक १२ स्थानीय तहमा यस केन्द्रले विद्युत् वितरण गर्दै आएको छ ।

प्रमुख सिंहले जिल्लामा प्राविधिक र अप्राविधिक गरी दुई प्रकार को विद्युत् चुहावट हुने गरेको बताउनुभयो। प्राविधिक चुहावट नियन्त्रणका लागि ट्रान्सफर्मर थप्ने, फेज ट्रान्सफर गर्नेलगायतका काम भइरहेको उहाँले जानकारी दिनुभयो । अप्राविधिक चुहावट नियन्त्रणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा अनुगमन तथा कारबाही भइरहेको उहाँले बताउनुभयो ।

चालु आर्थिक वर्षमा जलेश्वर वितरण केन्द्रले एक हजार ६२६ ग्राहकको विद्युत् लाइन काटेको छ । तीमध्ये एक हजार २०७ ग्राहकले लाइन काटिएपछि तोकिएको रकम बुझाइसकेको

बाँकी पृष्ठ ३ मा

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०६८।०८।०५ मा दर्ता भएको प्रा.लि.नं.८७९५६ भएको ए वान फिटनेश (प्रा.ली.) को २०८३।०८।०८ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ ,९१० बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमाण्डौ
सम्पर्क नम्वरः९८४३२४५९८

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

मिथिला बिहारी नगरपालिका, धनुषा

चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

धनौजी गाउँपालिका, धनुषा

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

जनक नन्दनी गाउँपालिका, धनुषा

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

गणेशमान चारनाथ नगरपालिका, धनुषा

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

शहिद नगर नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,